| प्रति शेयर नेटवर्थ (रु.) | १३५.४४ | १२७.६१ | १२९.७४ | १३१.६८ | ११७.४० | ११८.३८ | १२३.७० |
| नेटवर्थमा प्रतिफल प्रतिशत | २५.३२ | २५.६५ | २२.१७ | – | १६.३५ | १८.८४ | २१.६१ |
| नेटवर्थमा औषत प्रतिफल प्रतिशत | २४.३८ % | | | – | १८.९३ % | | |
| **निष्कासन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक प्रतिफल** = २५.३४ % **(Minimum Return on Increased Networth Required to Maintain Pre Issue (EPS)** | | | | | | | |

नोट* : व्यवस्थापनबाट प्रमाणित अपरिष्कृत वित्तीय विवरण।

** प्रक्षेपित वित्तीय विवरण लघु वित्त वित्तीय संस्था आफैले तयार पारेको र सो विवरण यर्थाथपरक रहेको भनी प्रमाणित गर्ने विज्ञमा एफ.सि.ए.सुब्रत ढकाल, एमविएसडि एण्ड एसोसिएट्स चार्टर्ड एकाउण्टेण्ट संस्था, भगवतिवहाल, नक्साल, काठमाण्डौं रहेको छ।

## (त) संगठित संस्थाको पछिल्लो बर्षको लेखापरिक्षण भएको वासलात र नाफा नोक्सान हिसावको विवरण :

**(क) वित्तीय संस्थाको आ.व. २०७४/७५ को वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण साधारण सभाबाट पारित भई देहाय बमोजिम रहेको छ :**

**वासलात**
**२०७५ साल आषाढ मसान्तको**

(रू. हजारमा)

| विवरण | रकम |
|---|---|
| **पूँजी तथा दायित्व** | |
| १. शेयर पूँजी | ३,२८,९०० |
| २. जगेडा तथा कोषहरू | ९७,८०४ |
| ३. ऋणपत्र तथा बन्ड | - |
| ४. तिर्न बाँकी कर्जा सापट | २५,३२,५६१ |
| ५. निक्षेप दायित्व | ७,८३,७९२ |

| विवरण | रकम |
|---|---|
| ६. भुक्तानी दिनुपर्ने बिलहरू | - |
| ७. प्रस्तावित नगद लाभांश | ३२,३६३ |
| ८. आयकर दायित्व | १,३३५ |
| ९. अन्य दायित्व | १,००,७४५ |
| **कुल दायित्व** | **३८,७७,५००** |
| **सम्पत्ति** | |
| १. नगद मौज्दात | १,१३७ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | - |
| ३. बैंक/वित्तीय संस्थामा रहको मौज्दात | १,०५,२५१ |
| ४.माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | ३,३४,३०८ |
| ५. लगानी | २,००० |
| ६. कर्जा, सापट तथा बिल खरीद | ३३,५६,८३० |
| ७. स्थीर सम्पत्ति | ३३,९४७ |
| ८. गैर बैंकिङ्ग सम्पत्ति | - |
| ९. अन्य सम्पत्ति | ४४,०२७ |
| **कूल सम्पत्ति** | **३८,७७,५००** |

**नाफा/ नोक्सान हिसाब**

**मिति २०७४ श्रावण १ देखि २०७५ आषाढ ३१ गतेसम्मका**

(रू. हजारमा)

| विवरण | रकम |
|---|---|
| १. ब्याज आम्दानी | ५,००,२५६ |
| २. ब्याज खर्च | २,६१,४६३ |
| **खुद ब्याज आम्दानी** | **२,३८,७९३** |
| ३. कमिशन तथा डिस्काउण्ट | १,०५,५८४ |
| ४. सटही घटबढ आम्दानी | - |
| **कूल सञ्चालन आम्दानी** | **३,४४,३७८** |
| ५. कर्मचारी खर्च | १,३६,६७९ |
| ६. अन्य सञ्चालन खर्च | ५४,९५० |
| ७. सटही घटबढ नोक्सान | - |
| **सम्भावित नोक्सानी ब्यवस्था अधिको संचालन मुनाफा** | १,५२,७४८ |
| ८.सम्भावित नोक्सानी व्यवस्थाहरू | **३,८२१** |
| **सञ्चालन मुनाफा** | १,४८,९२७ |
| ९. गैर संचालन आम्दानी/(खर्च) | - |
| १०. सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | - |
| **नियमित कारोबारबाट भएको मुनाफा** | १,४८,९२७ |
| ११. असामान्य कारोबारहरूबाट भएको मुनाफा/(खर्च) | - |
| **सम्पूर्ण कारोबार समावेश पछिको खूद मुनाफा** | १,४८,९२७ |
| १२.कर्मचारी बोनस व्यवस्था | **१३,५३९** |
| १३.आयकर व्यवस्था | - |
| यस वर्षको कर व्यवस्था | ४२,११२ |
| विगत वर्षसम्मको कर व्यवस्था | - |
| यस वर्षको स्थगन कर (आम्दानी) / खर्च | (१,३२३) |
| **खुद नाफा/नोक्सान** | ९४,५९९ |

**नाफा/नोक्सान बाँडफाँड हिसाब**
**मिति २०७४ श्रावण १ देखि २०७५ आषाढ ३१ गतेसम्मको**

(रू. हजारमा)

| विवरण | रकम |
|---|---|
| **आम्दानी** | |
| १. गत वर्षसम्मको संचित मुनाफा | २१,५२५ |
| २. यस वर्षको मुनाफा | ९४,५९९ |
| **जम्मा** | **१,१६,१२४** |
| **खर्च** | |
| १. गत वर्षसम्मको संचित नोक्सान | - |
| २. यस वर्षको नोक्सान | - |
| ३. साधारण जगेडाकोष | १८,९२० |
| ४. भैपरी आउने जगेडा | - |
| ५. संस्था बिकास कोष | - |
| ६. लाभांश समीकरण कोष | - |
| ७. कर्मचारी सम्बन्धी जगेडाहरू | - |
| ८. ग्राहक सदस्य कल्याणकार कोष | - |
| ९. प्रस्तावित लाभांश | ३,२६३ |
| १०. प्रस्तावित बोनस शेयर | ४२,९०० |
| ११. बिशेष जगेडा कोष | - |
| १२. सटही घटबढ कोष | - |
| १३. पूँजी फिर्ता जगेडा कोष | - |
| १४. पूँजी समायोजन कोष | - |
| १५. ग्राहक संरक्षण कोष | ५,४६२ |
| १६. संस्थागत सामाजिक उत्तरदायित्व कोष | ९४६ |
| १७. अन्य | - |
| **जम्मा** | **१,००,५९१** |
| **सञ्चित मुनाफा/(नोक्सान)** | **१५,५३३** |

**नगद प्रवाह विवरण**
**मिति २०७४ श्रावण १ देखि २०७५ आषाढ ३१ गतेसम्मको**

(रू. हजारमा)

| विवरण | रकम |
|---|---|
| **(क) कारोवार संचालनबाट नगद प्रवाह** | **(७,१५,३७३)** |
| **१. नगद प्राप्ति** | ६,०५,४८० |
| १.१ व्याज आम्दानी | ५,००,२५६ |
| १.२ कमीशन तथा डिष्काउन्ट आम्दानी | १,०५,५८४ |
| १.३ विदेशी विनिमय कारोवारबाट आम्दानी | - |
| १.४अपलेखित कर्जाको असुली | - |
| १.५अन्य आम्दानी | - |
| **२. नगद भुक्तानी** | ४,७८,५४२ |
| २.१ व्याज खर्च | २,४६,०५३ |
| २.२ कर्मचारी खर्च | १,३६,६७९ |
| २.३ कार्यालय संचालन खर्च | ४५,९४६ |
| २.४ आयकर भुक्तानी | ३६,५८५ |
| २.५ अन्य खर्च | १३,२७९ |
| **कार्यगत पूँजी गतिविधि अघिको नगद प्रवाह** | **१,२७,२९८** |
| संचालन सम्वन्धि चालु सम्पत्तिमा कमी / (वृद्धि) | (११,४६,८४२) |
| १. माग तथा अल्प सूचनामा प्राप्त हुने रकममा कमी / (वृद्धि) | (१,३६,७०५) |

| विवरण | रकम |
|---|---|
| २. अन्य अल्पकालीन कमी /(वृद्धि) | - |
| ३. कर्जा तथा विल्स खरीदमा कमी / (वृद्धि) | (९,८१,६६२) |
| ४.अन्य सम्पत्तिमा कमी / (वृद्धि) | (२८,४७५) |
| **संचालन सम्वन्धि चालु दायित्वमा कमी / वृद्धि** | **३,०४,१७१** |
| १. निक्षेपमा दायित्वमा (कमी / वृद्धि) | २,८४,२३८ |
| २. सर्टिफिकेट अफ डिपोजिटमा (कमी) / वृद्धि) | - |
| ३. अल्पकालीन सापटीमा (कमी) / वृद्धि | - |
| ४.अन्य दायित्वमा (कमी) / वृद्धि | १९,९३२ |
| **(ख) लगानी कारोवारमा नगद** | **(१०,१५०)** |
| १. दीर्घकालिन लगानीमा कमी/(वृद्धि) | - |
| २. स्थीर सम्पत्तीमा कमी / (वृद्धि) | (१०,१५०) |
| ३. दीर्घकालिन लगानीमा ब्याज आम्दानी | - |
| ४. आभांश आम्दानी | - |
| ५. अन्य | - |
| **(ग) वित्तीय श्रोत कारोवारबाट नगद प्रवाह** | **७,७४,९२८** |
| १. दीर्घकालिन ऋण (वण्ड, डिवेन्चर, आदि) मा वृद्धि /(कमी) | ८,०१,५५९ |
| २. शेयर पूँजीमा वृद्धि / (कमी) | - |
| ३. लाभांश भुक्तानी | (२६,६३२) |
| ४. अन्य दायित्वमा वृद्धि / (कमी) | - |
| ५. नेपाल राष्ट्र बैंकबाट प्राप्त सहुलियत / पुनरकर्जामा वृद्धि / (कमी) | - |
| **(घ) नगद तथा बैंक मौज्दातको विनिमय दरमा भएको फरकबाट आम्दानी/खर्च** | - |
| (ङ) यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह | ४९,४०४ |
| (च) नगद तथा बैंकमा रहेको शुरु मौज्दात | ५६,९८४ |
| **(छ) नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **१,०६,३८९** |

**(ख) आर्थिक वर्ष समाप्त भएपछि हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरू पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश गरेको मितिसम्ममा वासलातको मिति पछिको घटनाको वारेमा छुट्टै जानकारी विवरणपत्रमा समावेश गर्नु पर्ने :**

आर्थिक वर्ष समाप्त भएदेखि हालसम्म कम्पनीको वित्तीय स्थितीमा असर पुग्ने कुनै घटना नघटेको ।

**(ग) धितोपत्र निष्काशन खुला हुनु पूर्व स्वीकृत भएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरूमा उल्लेखित विवरणमा सम्बन्धित नियमन निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट व्यवसाय सञ्चालनको क्रममा हुने सामान्य परिवर्तन बाहेक लगानीकर्ताका निर्णयमा खास असर पर्ने गरी तात्विक परिवर्तन भएमा त्यस्तो परिवर्तित विवरण समावेश गरी आवश्यक सुधार एंव संशोधन गर्नु पर्ने भएमा सो सम्वन्धी विवरण :**

यस “हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरू” मा सम्बन्धित नियमन निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट लगानीकर्तालाई असर पर्ने खालका तात्विक परिवर्तन भएमा त्यस्तो परिवर्तित विवरण “हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरू” मा समावेश गरिने र आवश्यक सुधार एवं संशोधन समेत गरिनेछ । साथै निष्कासन सम्बन्धी कार्य गर्नु पूर्व सो सम्बन्धी आवश्यक स्वीकृती समेत बोर्डबाट लिईनेछ ।

**(थ) संगठित संस्थाले गर्ने भएको काममा निहित संभावित जोखिमहरू :**

(क) विद्यमान लघु वित्त वित्तिय संस्थाहरू र नयाँ लघु वित्त वित्तिय संस्थाहरूको प्रवेशबाट हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरू ।

(ख) लघु वित्त वित्तिय संस्थाले प्रदान गरेको कर्जा खराब कर्जामा परिणत हुन गएमा हुने जोखिमहरू ।

(ग) देशको मौद्रिक नीति तथा नेपाल राष्ट्र बैंकले गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट श्रृर्जना हुन सक्ने सम्भावित जोखिमहरू ।

(घ) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरू ।
(ङ) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरू ।
(च) देशको बैदेशिक ब्यापार नीतिमा हुन सक्ने परिवर्तन तथा विदेशी मुद्राको विनिमय दरमा घटबढ भई उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरू ।
(छ) निक्षेपको ब्याज दरमा आउने परिवर्तनबाट उत्पन्न हुनसक्ने जोखिमहरू ।
(ज) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरू ।
(झ) नेपाल सरकार तथा बीमा समितिको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजित हुनसक्ने जोखिमहरू ।
(ञ) अन्य अप्रत्याशित घटनाबाट सृजना हुन सक्ने जोखिमहरू ।

**<u>धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम</u>**

रू. १००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

**<u>सम्भावित आर्थिक जोखिमहरूलाई न्यूनीकरण गर्न ब्यबस्थापनले निम्न उपायहरू अवलम्बन गर्दै जानेछ ।</u>**

लघुवित्त वित्तीय संस्थाको कर्जा तथा लगानी खराब भई हुन सक्ने जोखिमहरूको लागि लघुवित्त वित्तीय संस्थाले कर्जा तथा लगानीको लागि जोखिम ब्यहोर्ने कोषको ब्यवस्था गरेको छ । लघुवित्त वित्तीय संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा ध्यान पुऱ्याउनुको साथै अन्य ब्यवसायिक जोखिमहरूबाट सिर्जना हुन सक्ने नोक्सानीको लागि ब्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध रहेको छ । यसको अलावा आफ्नो सेवालाई अझ गुणस्तरीय र प्रतिस्पर्धी बनाई उपभोक्तामुखि सेवाहरू प्रदान गरी मध्यकालिन तथा दिर्घकालिन कर्जा सापटीहरू खराब कर्जामा परिणत भई उत्पन्न हुने जोखिम कम गर्नका लागि लघुवित्त वित्तीय संस्थाले प्रभावकारी कर्जा नीति अवलम्वन गरेको छ । त्यस्तै अन्य विभिन्न जोखिमहरू न्यूनिकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समय अनुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरूको निर्माण एंव समय अनुसार आफ्नो सेवा तथा सुविधाहरूमा परिवर्तन गर्दै लाने नीति लघुवित्त वित्तीय संस्थाको रहेको छ ।

### (द) धितोपत्र बाँडफाँट सम्बन्धी ब्यवस्था :

यस विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयर प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको ब्यबस्था अनुसार हकप्रद शेयरको निष्काशन बन्द भएको मितिले बढीमा तीस दिन भित्र बाँडफाँट गरी अभौतिक (Demat) रूपमा सम्बन्धित शेयरधनीको खातामा शेयर जम्मा गरे पश्चात राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ ।

### (ध) संगठित संस्थाको प्रबन्धपत्र, नियमावली, पछिल्लो वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब, लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न पाइने समय र स्थान :

कार्यालय समयभित्र निम्न लिखित स्थानहरूमा सम्पर्क राखि कम्पनीको प्रबन्धपत्र, नियमावली, वासलात, नाफा–नोक्सानको विवरण निरीक्षण गर्न सकिनेछ :

(क) कम्पनीको रजिष्टर्ड कार्यालय, नुवाकोट जिल्ला, विदुर नगरपालिका वडा नं. ४ तथा सम्पर्क कार्यालय ज्वागल, कुपण्डोल, ललितपुर ।
(ख) धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक : ग्लोबल आइएमई क्यापिटल लिमिटेड, जमल, काठमाडौं ।

### (न) निष्काशन हुने धितोपत्र प्रत्याभूति गरेको भए सो को विवरण :

निष्काशन गरिने हकप्रद शेयरको लागि कुनै प्रत्याभुति गरिएको छैन ।

### (प) शेयर सूचिकरण गराउने सम्बन्धी व्यवस्था :

यस विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" को दफा ६ मा उल्लेख भए अनुसार नेपाल धितोपत्र बोर्डबाट धितोपत्र निष्काशनको लागि स्वीकृत भएको ७ (सात) कार्य दिनभित्र धितोपत्र सूचिकरण तथा अभौतिकीकरणका लागि नेपाल स्टक एक्सचेन्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा निवेदन दिइनेछ ।

**(फ) संगठित संस्थाको कारोबारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण :** सो नभएको ।

### (ब) धितोपत्र खरिद गर्न चाहने आवेदकले पालना गर्नुपर्ने मुख्य कुराहरू :

(१) हकप्रद शेयर खरिद गर्नका लागि हकप्रद शेयरको निष्कासन पूर्व कम्पनीले सार्वजनिक सूचना मार्फत् जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरूले मात्र हकप्रद शेयर खरिद गर्न आवेदन दिन पाउनेछन् ।
(२) हकप्रद शेयर खरिद गर्नका लागि आवेदन दिँदा आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, शेयरधनी नम्बर तथा आफूले लिन चाहेको हकप्रद शेयर संख्या समेत खोली कम्पनीद्वारा तोकिएको ढाँचाको आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।
(३) हकप्रद शेयर खरिदका लागि दिइने आवेदन फाराममा देहायका विवरण खुलाउनु पर्नेछ ।

(क) आवेदकको पूरा नाम (नेपाली तथा अङ्ग्रेजी दुवैमा उल्लेख गर्नुपर्नेछ ।
(ख) आवेदकको बाबु, आमा तथा बाजेको नाम उल्लेख गर्नुपर्नेछ ।
(ग) आवेदक विवाहित भएमा श्रीमान् वा श्रीमतीको नाम उल्लेख गर्नुपर्नेछ ।
(घ) आवेदकको स्थायी ठेगाना उल्लेख गर्नुपर्नेछ ।
(ङ) आवेदकको सम्पर्क ठेगाना र टेलिफोन वा मोवाइल नम्बर उल्लेख गर्नुपर्नेछ ।
(च) आवेदकको खाता रहेको बैङ्क वा वित्तीय संस्थाको नाम, ठेगाना तथा खाता नम्बर उल्लेख गर्नुपर्नेछ ।
(छ) धितोपत्र अभौतिकिकरण गर्ने (डिम्याट) खाता नम्बर उल्लेख गर्नुपर्नेछ ।
(ज) आवेदकले लिन चाहेको शेयर सङ्ख्या तथा सो वापत जम्मा गरेको रकम स्पष्ट उल्लेख गर्नुपर्नेछ ।
(झ) आवेदकको हस्ताक्षर (नाबालकको हकमा अभिभावकको हस्ताक्षर) हुनुपर्ने ।
(ञ) आवेदन फाराम बुझाएको सङ्कलन केन्द्रको नाम तथा ठेगाना उल्लेख गर्नुपर्नेछ ।
(ट) आवेदन फाराम बुझाएको मिति उल्लेख गर्नुपर्नेछ ।

(४) हकप्रद शेयरका लागि आवेदन दिँदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रू.१००/– का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्रहरू वा निष्काशन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर साथै राखी आवेदन दिनु पर्नेछ ।

(५) संयुक्त नाममा रहेका साविक शेयरधनीहरूले आवेदन दिँदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।

(६) हकप्रद शेयर बाँडफाँट गर्दा जुन समूहको शेयरधनी हो, सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँट गरिनेछ ।

(७) तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि आवेदन पेश नगर्ने तथा दरखास्त साथ शेयर बापतको रकम दाखिल नगर्ने साविक शेयरधनीहरूले पछि हकप्रद शेयरको लागि कुनै किसिमको दावी गर्न पाउने छैन ।

(८) हकप्रद शेयर सम्बन्धी कुनै विवाद भएमा वा परेमा लघु वित्त वित्तीय संस्थाको सञ्चालक समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

(९) यस विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयर प्राप्त गर्ने डिम्याट खाता (DMAT Account/BOID No.) भएका आवेदकहरूलाई नीजहरूले चाहेको खण्डमा धितोपत्रको प्रमाणपत्र अभौतिक रुपमा समेत उपलब्ध गराउने ब्यबस्था गरिने हुँदा नीजहरूले शेयर खरिदका लागि आवेदन दिँदा आफ्नो डिम्याट खाता (DMAT Account/BOID No.) समेत आवेदन फाराममा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । साथै कुनै पनि शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा शेयर कायम रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा त्यस्ता शेयरधनीको शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रूपमा कायम रहेको भएता पनि एउटै मात्र आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ ।

## (भ) आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरू :

साविकका शेयरधनीले देहायको अवस्थामा अन्य कुनै ब्यक्तिले खरिद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधि भित्र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को अनुसूची–११ को ढाँचामा निवेदन दिई आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्न सकिनेछ ।

(क) हकप्रद शेयर खरिद गर्ने हक अन्य कुनै ब्यक्तिलाई हस्तान्तरण गर्ने सम्बन्धी ब्यबस्था सम्बन्धित संगठित संस्थाको प्रबन्धपत्र वा नियमावलीमा भएको,

(ख) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने ब्यवस्था नियम १७ को उपनियम ४ बमोजिम प्रकाशित विवरणमा ब्यवस्था गरिएको,

(ग) कम्पनीको प्रबन्धपत्र, नियमावलीमा भएको व्यवस्था तथा सम्बन्धित नियमनकर्ताले स्वामित्व सिमा तोकेकोमा त्यस्तो सीमा भित्र रहेको, पहिले लिएको वा पछि ग्रहण गरिने शेयर समेत कूल शेयर संख्या सो सिमा ननाघ्ने गरी मात्र मनोनित हुनेले शेयरका लागि आवेदन गर्न सकिने,

(घ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा सञ्चालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गरिएको,

(ङ) प्रचलित कानून अनुरुप मनोनित हुने व्यक्ति वा संस्था कालो सूचीमा नरहेको तथा अयोग्य समेत नभएको,

(च) मनोनयन गरिने ब्यक्ति प्रचलित कानून बमोजिम त्यस्तो संस्थाको शेयर खरिद गर्न अयोग्य नभएको,

(छ) हक हस्तान्तरण आंशिक वा पुरैको लागि निवेदन दिँदा निवेदनका साथ हक हस्तान्तरण गरी लिइने हकप्रद शेयरको चुक्ता रकमको १ प्रतिशत रकमले हुने आउने रकम मनोनयन गरिदिने शेयरधनीले बुझाएको शुल्क समेत समावेश गर्नु पर्नेछ ।

(ज) हक हस्तान्तरणको लागि मनोनयन गर्दा एक ब्यक्तिलाई मात्र मनोनयन गर्नु पर्नेछ ।

(झ) शेयरवालाले आफ्नो हकको हकप्रद शेयर अन्य ब्यक्तिलाई मनोनयन गरी हस्तान्तरण गरेमा त्यस्तो शेयरवालाले सोही संगठित संस्थाको अरु शेयरवालाको हकप्रद शेयर खरिद पाउने छैन ।

## (म) संगठित संस्थाको लेखापरीक्षक, कम्पनी सचिव, वित्तीय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण/अनुमानको आधार तथा तरिका बारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय ब्यक्त गर्ने विशेषज्ञ, "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरू" तयार गर्ने विशेषज्ञ तथा निष्काशन तथा बिक्री प्रबन्धकको नाम, ठेगानाः

(क) कम्पनीको छैटौं बार्षिक सभाको निर्णय बमोजिम आ.ब.२०७४/०७५ को बाह्य लेखापरीक्षण कार्य गर्नको लागि एफ.सि.ए. श्री महेश खनाल, एम खनाल एण्ड कम्पनी, चार्टड एकाउन्टेन्टस कमलपोखरी काठमाण्डौंलाई नियुक्त गरिएको छ ।

(ख) यस वित्तीय संस्थाको कम्पनी सचिवमा व्यवस्थापनमा स्नातककोत्तर शैक्षिक योग्यता हासिल गर्नु भएका जिलिङ्ग ३, नुवाकोट निवासी श्री रामहरि दाहाल हुनुहुन्छ ।

(ग) यस कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत वर्षहरूको कारोबारको आधारमा निष्कासनकर्ता लघु वित्त वित्तीय संस्था आफैले तयार गरेको हो । उक्त वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरू हालको वित्तीय बजारको स्थिति, निष्काशनकर्ता लघुवित्त वित्तीय संस्थाको हालको दक्षता र निष्काशनकर्ता लघु वित्त वित्तीय संस्थाले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विशेषज्ञमा एफ.सि.ए.सुब्रत ढकाल, एमविएसडि एण्ड एसोसिएट्स चार्टर्ड एकाउण्टेण्ट संस्था, भगवतिवहाल, नक्साल, काठमाण्डौं रहेको छ ।

(घ) यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरू" व्यावसायिक संस्था श्री ग्लोबल आइएमई क्यापीटल लिमिटेड, जमल, काठमाण्डौंले तयार गरेको हो ।

(ङ) यस हकप्रद शेयर निष्कासनका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकमा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाणपत्र प्राप्त धितोपत्र व्यवसायी श्री ग्लोबल आइएमई क्यापीटल लिमिटेड, जमल, काठमाण्डौं रहेको छ ।

## (य) हकप्रद शेयर जारी गर्नुको उद्देश्य :

(१) कम्पनीको पूँजीगत योजना बमोजिमको पूँजी पुर्‍याउने उद्देश्य अनुरुप मिति २०७५/०७/०९ गते सम्पन्न छैटौं बार्षिक साधारण सभाबाट एक शेयर बराबर नयाँ एक शेयर (१ : १) को अनुपातमा हकप्रद शेयर जारी गरी पूँजी वृद्धि गर्ने निर्णय गरेकोले सोही बमोजिम पूँजी संकलन गर्न ।

(२) कम्पनीले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न ।

(३) कम्पनीको प्रबन्धपत्रमा उल्लेख गरिएको उद्देश्यहरू अनुरुप गर्नुपर्ने कार्यहरूको लागि कम्पनीको संस्थाको शाखा विस्तार गरी कारोबार वृद्धि गर्न आवश्यक पूँजी जुटाउन र कम्पनीको पूँजी आधारलाई मजबुत तुल्याइ राख्न ।

(४) यस बाहेक कम्पनीले तपसिल बमोजिमको योजना सहित हकप्रदबाट प्राप्त रकम प्रयोग गर्ने निर्णय गरेको छ ।

| क्र.सं. | विवरण | रकम (रू.) |
|---|---|---|
| १. | लगानी अभिबृद्धि | ३१,४५,२१,७५०.०० |
| २. | भौतिक पूर्वाधार तथा शाखा विस्तार | १,४३,७८,२५०.०० |
| | **जम्मा** | **३२,८९,००,०००.००** |

## (र) हकप्रद शेयर बिक्री खुल्ला अवधि :

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तिमा ३५ (पैंतिस) दिनका लागि खुल्ला राखिनेछ । सो समयावधि भित्र सम्पूर्ण हकप्रद शेयरको लागि आवेदन नपरेमा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली,२०७३" को नियम १८ बमोजिम नेपाल धितोपत्र बोर्डलाई अग्रिम जानकारी दिई संगठित संस्थाले सूचना प्रकाशन गरी आवेदन खुल्ला भएको मितिले बढीमा थप १५ (पन्ध्र) दिन सम्मका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ ।

## (ल) हकप्रद शेयर खरिदका लागि दरखास्त पाईने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरूका साथै हकप्रद शेयर खरिदका लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरू" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरू :

१. ग्लोबल आइएमई क्यापीटल लिमिटेड, जमल, काठमाण्डौ ।**

२. यस वित्तीय संस्थाको रजिर्ष्टर्ड कार्यालय तथा शाखा कार्यालयहरूः-

| क्र.स. | शाखाको नाम र ठेगाना | सम्पर्क नं. | क्र.स. | शाखाको नाम र ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| १. | बट्टार शाखा, नुवाकोट | ०१०-५६१७४६ | १६. | साफें बगर शाखा, अछाम | ०९७-६२५१६० |
| २ | मुरलीभञ्ज्याङ्ग शाखा, धादिङ्ग | ०१०-५२१२०६ | १७. | मेहलकुना शाखा, सुर्खेत | ०८३-४१००६२ |
| ३. | मंगलपुर शाखा, चितवन | ०५६-५९११३८ | १८. | गाउँशहर शाखा, लमजुङ | ०७९-६९२२६१ |
| ४. | बस्तीपुर शाखा,मकवानपुर | ०५७-६९३५५९ | १९. | बञ्जरिया शाखा, बारा | ०६३-४०००६५ |
| ५. | रामगढवा शाखा, पर्सा | ०५१-५२१५६४ | २०. | लालगढ शाखा, धनुषा | ९८५४०२९००४ |
| ६. | किर्ने शाखा, दोलखा | ०४८-४१००२७ | २१. | औरही शाखा, महोत्तरी | ०४४-४११०५० |
| ७. | बालग्राम शाखा, सुनसरी | ०२५-५८७६१३ | २२. | सोल्टीबजार शाखा, सर्लाही | ०४६-६२००६० |
| ८. | जगतपुर शाखा, सप्तरी | ०३१-५६००१६ | २३. | भानु शाखा, तनहुँ | ०६५-५८०३९६ |
| ९. | दुवागढी शाखा, झापा | ०२३-४६०६८९ | २४. | हापुरे शाखा, दाङ | ०८२-४०३०५४ |
| १०. | डुमरीया शाखा, रौतहट | ०५५-६२०००० | २५. | भवानीपुर शाखा, बाके | ०८१-४१४०६५ |
| ११. | रामपुर्वा शाखा, बारा | ०५३-४१००३८ | २६. | मैनापुर शाखा, बर्दिया | ९८०४९५५२३४ |
| १२. | लिवाङ शाखा, रोल्पा | ९८५७८२४९०० | २७. | बनगाँउ शाखा, दाङ | ९८४५२३२८३० |
| १३. | धनवाङ शाखा, सल्यान | ०८८-४१००६५ | २८. | खजुरा शाखा, बाँके | ०८१-५६०३२१ |
| १४. | मुसीकोट शाखा, रुकुम | ०८८-५३०३५७ | २९. | बोदेवर्साईं शाखा, सप्तरी | ९८२५७९४७७३ |
| १५. | फरसातिकर शाखा, रुपन्देही | ९८६२६९१३७६ | ३०. | धनुषाधाम शाखा, धनुषा | ९८०१०१३५३० |

**** चेकबाट मात्र दरखास्त बुझिलिने व्यवस्था गरिएको छ ।**

३. नेपाल धितोपत्र बोर्डबाट इजाजत प्राप्त सि–आस्वा सेवामा सहभागि बैंक तथा वित्तीय संस्थाहरू ।

उपरोक्त स्थानहरूको अलावा हकप्रद निष्काशनको क्रममा ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरूले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मितिसम्ममा ग्लोबल आइएमई क्यापीटल लि.को नाममा खिचिएको एकाउण्टपेयी **(A/c Payee)** ड्राफ्टका साथ शेयरको दरखास्त फाराम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी ग्लोबल आइएमई क्यापीटल लि., जमल, काठमाण्डौंमा पठाईएको निवेदनलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ । नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त सि–आस्वासेवामा सहभागी अन्य बैंक वा वित्तीय संस्थाहरूमा समेत सि–आस्वा प्रणाली मार्फत शेयर दरखास्त फाराम बुझाउन सकिनेछ । शेयर बिक्री बन्द भएको ७ (सात) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाई बाँडफाँटमा समावेश गरिनेछैन । हकप्रद शेयर खरिदका लागि दरखास्त फाराम निष्काशनकर्ता कम्पनी मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि. को वेवसाइट www.meromicrofinance.com वा धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक ग्लोबल आइएमई क्यापीटल लि. को वेवसाइट www.globalimecapital.com बाट समेत डाउनलोड गरी भरेर पठाउन सकिनेछ र शेयरधनीहरूले आफ्नो हक सम्बन्धी विवरण निष्काशनकर्ता कम्पनी मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि. को वेवसाइट www.meromicrofinance.com तथा निष्कासन तथा बिक्री प्रबन्धकको वेवसाइट www.globalimecapital.com बाट हेर्न सकिनेछ ।

**निष्कासन बैंक सम्बन्धी व्यबस्था :**

| सि.नं. | निष्कासन बैंकको नाम, ठेगाना | खाता नम्बर |
|---|---|---|
| १. | ग्लोबल आइएमई बैंक लि., कमलादी, काठमाण्डौ । | ०१०१०१०००७६२७ |
| २. | कुमारी बैंक लिमिटेड, दरवार मार्ग, काठमाण्डौं । | ००१००१७१४६०००१९ |
| ३. | सिभिल बैंक लिमिटेड, सिटिसी महल, सुन्धारा, काठमाण्डौं । | ००२१००७६२३४२२६ |

**(व) आफ्नो व्यवसायसँग सम्वन्धित ऐन, नियम, कम्पनी ऐन, तथा अन्य नियमन निकायले दिएको निर्देशनहरूको पूर्ण पालना गरेको सम्बन्धमा उद्घोषण :**

कम्पनीले गर्ने व्यवसायसँग सम्वन्धित ऐन, नियम, बैक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ तथा अन्य नियमन निकायले दिएको निर्देशनहरूको पूर्ण रुपमा पालना गरिएको छ र सोही दायराभित्र रही आफ्नो कारोबार गर्दै आइरहेको छ । साथै यस कम्पनीको सञ्चालकहरू एवं संस्थापकहरू कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नेपाल कानूनमा भएको व्यवस्था अनुसार कालोसूचीमा समावेश नरहनुका साथै योग्य रहेको उद्घोषण कम्पनीको रहेको छ । साथै संस्थाले कम्पनी ऐन बमोजिम कम्पनी रजिष्ट्रार कार्यालयमा आ.ब. ७४/७५ सम्मको बुझाउनु पर्ने सम्पूर्ण विवरण बुझाई कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७५/०९/१७ गतेको पत्रानुसार आ.ब. ७४/७५ सम्म कम्पनी अद्यावधिक रहेको छ ।

**क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण :**

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यबस्था तथा विवरणहरू" अनुसार निष्काशन गरिने हकप्रद शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यबस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौंबाट क्रेडिट रेटिङ्ग गराई **"ईक्रा एनपि आईपिओ ग्रेड ४+"** प्रमाणपत्र प्राप्त गरेको छ । **"ईक्रा एनपि आईपिओ ग्रेड ४+"** ले औसतभन्दा तलका **(Below-Average Fundamentals)** आधारहरू जनाउँदछ । इक्रा नेपालले १ देखि ५ प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ। जसमा ग्रेड १ ले बलिया आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरू जनाउँछ । ग्रेड २, ३ र ४ मा प्रयोग गरिने + (Plus) चिन्हले यस समूहका तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ ।

**(श) पछिल्लो ३ बर्षको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको संख्या सम्बन्धी विवरण :**

| आर्थिक बर्ष | अधिकतम शेयर मूल्य (रू.) | न्युनतम शेयर मूल्य (रू.) | अन्तिम बजार मूल्य (रू.) | शेयर कारोबार संख्या (हजारमा) |
|---|---|---|---|---|
| ०७२/०७३ | सूचिकरण भइनसकेको । | | | |
| ०७३/०७४ | ३,०८५ | १,०९५ | २,२२९ | ९१,८४६ |
| ०७४/०७५ | १,३५२ | १,००२ | १,०८० | ६७,२३८ |

**पछिल्लो ३ महिनाको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको संख्या सम्बन्धी विवरण :**

| आर्थिक बर्ष | अधिकतम शेयर मूल्य (रू.) | न्युनतम शेयर मूल्य (रू.) | अन्तिम बजार मूल्य (रू.) | शेयर कारोबार संख्या (हजारमा) |
|---|---|---|---|---|
| २०७५ कार्तिक | १,०७० | ९९० | ९९४ | ९,३१० |
| २०७५ मंसिर | १,०४० | ८७६ | ९३५ | ६,९१८ |
| २०७५ पुष | १,०८६ | ९३५ | १,०७१ | १०,३१०.६६ |

<u>द्रष्टव्य</u> :यस कम्पनीको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्यसूचीबाट प्राप्त गर्न सकिनेछ ।

ष) **यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरू" मा उल्लेख भएको विवरणहरू तथ्य, पूर्ण छन्, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरू पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सहि छाप गर्ने सञ्चालकहरूको नाम, दस्तखत :**

| सि.नं. | सञ्चालकहरूको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री सन्जिब मानन्धर, प्राईम कमर्सियल बैंक लि. को तर्फबाट - (संस्थापक समूह) | अध्यक्ष | |
| २. | श्री पृथ्वी नारायण श्रेष्ठ, जनता बैंक नेपाल लि. को तर्फबाट - (संस्थापक समूह) | सञ्चालक | |
| ३. | श्री राजा अर्याल, ग्लोबल आइएमई बैंक लि. को तर्फबाट - (संस्थापक समूह) | सञ्चालक | |
| ४ | श्री सजना मानन्धर, देवः विकास बैंक लि. को तर्फबाट - (संस्थापक समूह) | सञ्चालक | |
| ५ | श्री बद्री प्रसाद पुडासैनी, सर्वसाधारण समूहको तर्फबाट ( (सर्वसाधारण समूह) | सञ्चालक | |
| ६ | श्री सुमित बाबु खत्री - स्वतन्त्र सञ्चालक | स्वतन्त्र सञ्चालक | |

(स) **निष्कासन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई **मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड** तथा यसका संस्थापक/सञ्चालकहरूले उपलब्ध गराएको विवरण तथा जानकारीहरूको आधारमा त्यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरू" मा लेखिएका आर्थिक विवरणहरू र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरूलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरू" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (ड्यू डेलिजेन्स सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।

**नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरू" सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्नु २ दिन अगाडी सो को एक प्रति (Soft Copy) नेपाल धितोपत्र बोर्डको वेभसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराइनेछ ।**